# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎ ०८८-४०११४६

प.सं. :- २०७७/०७८
च.नं. :- २६९६

मिति :- २०७८/०१/०९

विषय :- निर्णय कार्यान्वय गर्ने/गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (१४ वटै),
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)।

प्रस्तुत् विषयमा जिल्ला प्रशासन कार्यालयको पत्र संख्या ०७७/०७८/प्रशासन, च.नं. ४२४१, मिति २०७८/०१/०८ गतेको पत्र यसैसाथ संलग्न छ । सोही पत्रबाट विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिमको DCCMC बैठकको निर्णय कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

.........................
रामकुमार गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

फोनः- ०८८-५३००४०
०८८-५३००१०
फ्याक्सः- ०८८-५३००१०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

# जिल्ला प्रशासन कार्यालय

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं. ४२४१

मुसिकोट रुकुम (पश्चिम)
मिति : २०७८/०१/०८

विषयः- DCCMC बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री रुकुम (पश्चिम) जिल्लाका सबै सरकारी कार्यालयहरु ।

प्रस्तुत विषयमा मिति २०७८।०१।०८ गते प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रेको अध्यक्षतामा बसेको DCCMC बैठकको निर्णय पाना ३ (तिन) कार्यान्वयनका लागी पठाइएको व्यहोरा अनुरोध छ ।

शेरबहादुर पुन
२०७८।०१।०८
सहायक प्रमुख जिल्ला अधिकारी

२६५०
२०७८।०१।०८

D:\COVID -19 relatead file\Letter pad COVID-19.docx

DATE: ..................

आज मिति २०७८/०९/०८ गते जिल्ला प्रशासन कार्यालय, रुकुम(पू)मा प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेज्यूको अध्यक्षतामा जिल्ला कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC)को बैठक तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी निम्नानुसार विषयहरुमा छलफल गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो।

आमन्त्रित उपस्थिति:

| | | |
|---|---|---|
| श्री राज कुमार शर्मा | - प्रमुख | जि.वि.नि., रुकुम(पू) |
| श्री देविलाल गौतम | - प्रमुख | मु.न.पि., रुकुम(पू) |

उपस्थिति:

| | | |
|---|---|---|
| श्री बद्रीनाथ गैह्रे | - प्र.जि.अ./अध्यक्ष | जि.प्रशा.का., रुकुम(पू) |
| श्री गोविन्द सुबेदी | - प्र.ले./गणपती/सदस्य | नं.एस.डब्ल्यु गण, टल्ले, रुकुम(पू) |
| श्री ध्रुव कुमार श्रेष्ठ | - प्र.ना.उ./सदस्य | जि.प्र.का., रुकुम(पू) |
| श्री प्रेम सिंह थापा | - स.प्र.ना.उ./सदस्य | स.प्र.बल नं.४८, गुल्मा रुकुम |
| श्री पवन ओझी | - प्र.प्र.अ./सदस्य | रा.अ.जि.का., रुकुम(पू) |
| श्री विष्णु बहादुर पुनमगर | - नि.स्वा.से.प्र./सदस्य | स्वा.से.का., रुकुम(पू) |

अन्य उपस्थिति:

| | | |
|---|---|---|
| श्री नरबहादुर खड्का | - नि.प्र.प्र.अ. | - मु.न.पा. रुकुम(पू) |
| डा.श्री केशव विक्रम जि.सी. | - Senior Gynaecologist | - स्वा.से.का., रुकुम(पू) |
| श्री कृष्ण खड्का | - खोप अधिकृत | - स्वा.से.का. रुकुम(पू) |
| श्री ईश्वर रावल | - सि.अ.हे.व. | - स्वा.से.का. रुकुम(पू) |
| श्री शेर ब.पुन | - स.प्र.जि.अ. | - जि.प्रशा.का. रुकुम(पू) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

मिति २०७८ वैशाख ८ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) को बैठकका

<u>एजेण्डाहरु:</u>

१. समीक्षा
२. नेपाल सरकारको निर्णय कार्यान्वयन सम्बन्धमा ।
३. शव व्यवस्थापन सम्बन्धमा।
४. विविध।

<u>निर्णयहरु:</u>

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ को दोस्रो लहरबाट यस जिल्लामा समेत हालसम्म ४ जनाको संक्रमित भएकोमा १ जनाको मृत्यु भएको, १ जना थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा पठाइएको र २ जना होम आइसोलेशनमा रहेको, संक्रमित व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको पहिचान गरी परीक्षणको व्यवस्था मिलाउन स्थानीय तहका CICT टीमहरु परिचालन गरिएको अवस्था छ। कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक सतर्कता अपनाउँदै पूर्व तयारी तथा प्रतिकार्यका लागि थप कार्यहरु गर्नुपर्ने आवश्यकता महशुस गरियो।

२. कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७८।०१।०६ गतेको बैठकबाट जारी आदेश तथा निर्णयहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन जिल्लास्थित सम्पूर्ण स्थानीय तह, सुरक्षा निकायहरु, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, शैक्षिक संस्थाहरु, टोल सुधार समिति, उपभोक्ता समितिहरु, उद्योग व्यवसायीहरु, होटल व्यवसायीहरु, यातायात व्यवसायीहरु लगायत आम जिल्लाबासीमा अनुरोध गर्ने ।नेपाल सरकारका निर्णय, जिल्ला विपद व्यवस्थापन समिति तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा नियमित रुपमा समन्वय, अनुगमन तथा सहजीकरण गर्ने ।

३. मिति २०७८।०१।०६ गते यस जिल्लामा मृत्यु भएको व्यक्तिको जिल्ला प्रशासन कार्यालयको अनुरोध तथा मुसिकोट नगरपालिकाको समन्वयमा शव व्यवस्थापनसम्बन्धी संक्षीप्त कार्यविधि, २०७६ बमोजिम जिल्लास्थित नेपाली सेनाको नरसिंह दल गणले मुसिकोट नपाको मुग्लु खोलाको प्रचलित घाटमा शव व्यवस्थापन गरेको र आगामी दिनमा शव व्यवस्थापनलाई थप व्यवस्थित बनाउन देहाय बमोजिम गर्ने:

(क) नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७८।०१।०६ गतेको निर्णयानुसार कोभिड-१९ कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन वा अन्त्यष्टी गर्दा आफ्नो धर्म वा परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले २५ जना भन्दा बढी व्यक्ति सहभागी नहुने गरी जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण पालना गरी गर्ने/गराउने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

(ख) प्रकरण (क) बमोजिम हुन नसक्ने देखिएको खण्डमा शव व्यवस्थापनको कार्य शव व्यवस्थापनसम्बन्धी संक्षीप्त कार्यविधि, २०७६ बमोजिम नेपाली सेनाको जिल्लास्थित नरसिंह दल गणले गर्ने ।